# नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका, २०७६

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग**

**टेकु, काठमाडौं**

Scanned with Ca

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

☎ ४२६९९१०
४२६९९११
४२७०९२९
फ्याक्स ४२६९९१२

पत्र संख्या:-

च.नं.:-

मिति:-

प्राप्त पत्र संख्या र मिति:-

विषय:- महानिर्देशक ज्यू को सन्देश ।

नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेखित "स्वस्थ नागरिक, स्वस्थ समाज र स्वस्थ जीवन" भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउन टोल-टोलमा नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ भन्ने कार्यक्रमलाई मूर्तरुप दिन माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री ज्यू बाट यो निर्देशिका स्वीकृत भएको छ।

"मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई सार्थक पार्न आम नागरिकलाई शारीरिक, मानसिक र आध्यात्मिक रुपमा स्वस्थ एव सबल बनाई विश्वव्यापी रुपमा फैलिँदै गएको नसर्ने रोगको प्रकोपलाई न्यूनीकरण गर्न स्थानीय परिवेश र आवश्यकता अनुसार उपलब्ध स्रोतहरुलाई अधिकतम रुपमा प्रयोग गरि स्वास्थ्य सेवाका हरेक तहमा नागरिकहरुको सशक्त सहभागिता मार्फत आयुर्वेद, योग तथा जडिबुटीको माध्यमबाट शारीरिक तथा मानसिक रुपमा स्वस्थ शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गरी स्वस्थ समाज निर्माण गर्नु यो निर्देशिकाको उदेश्य हो।

"स्वस्थ रहने उपाय घरमा आफै संग छ" भन्ने कुरालाई मनन गरि प्रत्यक व्यक्तिले सामान्य स्वास्थ्य का नियम हरु लाई व्यवहारमा उतारी नियमित योग, ध्यान एवं सकारात्मक जीवनशैली अपनाउदा गुणस्तरिय स्वास्थ्य प्राप्त हुन जान्छ। साथै सर्ने तथा नसर्ने रोगको न्यूनीकरण हुन गई स्वास्थ्य क्षेत्र को ठुलो रकम रोग उपचारमा खर्च भै रहेको परिपेक्षमा उक्त रकम बचत हुने र गुणस्तरिय सेवा प्रवाहमा समेत टेवा पुग्ने छ। यसले राज्यको स्वास्थ्य क्षेत्रमा लगानी घट्नुका साथै प्रतिव्यक्ति आय बढ्न गई "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नारा सार्थक हुनेछ।

संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले टोल टोलमा नागरिक आरोग्य कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरि प्रत्यक नागरिक लाई आफ्नो स्वास्थ्य प्रति आफै जिम्मेवार बनाउन यो अभियान सफल हुने यस विभागले विश्वास लिएको छ।

डा. वासुदेव उपाध्याय
महानिर्देशक

Scanned with Ca

विषयसुचि


| विषय-वस्तुहरु | पृष्ठ |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. उद्देश्य<br>- संरचनागत व्यवस्था | २ |
| ३. क्रियाकलापहरु<br>- संचालन गरिने क्रियाकलापहरु<br>- अभियानमा संचालन गरिने क्रियाकलापहरु | ३-७ |
| ४. समितिहरु<br>- संघिय नागरिक आरोग्य समिति<br>- संघिय नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार<br>- प्रदेश नागरिक आरोग्य समिति<br>- प्रदेश नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार<br>- जिल्ला नागरिक आरोग्य समिति<br>- जिल्ला नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार<br>- स्थानीय नागरिक आरोग्य समितिको व्यवस्था<br>- समितिको काम, कर्तव्य र अधिकार<br>- नागरिक आरोग्य समूहको व्यवस्था<br>- नागरिक आरोग्य समूहको काम, कर्तव्य र अधिकार<br>- कार्यक्रम संचालन भएपश्चात प्राप्त हुने उपलब्धिहरु हासिल हुनेछन्: | ७-२० |


Scanned with Ca

पृष्ठभूमि:

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ ।समावेशीकरण र समन्यायको आधारमा सबै भौगोलिक क्षेत्र, वर्ग, लिंग, जातजातिका जनताको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाई जनस्वास्थ्यमा सुधार ल्याउनु राज्यको दायित्व हो ।

नेपालमा उपलब्ध स्वास्थ्य सूचकहरुको आधारमा भन्नुपर्दा संक्रामक रोगहरुको चुनौतिको साथै नसर्ने प्रकृतिका रोगहरु जस्तैः मोटोपन, क्यान्सर, उच्च-रक्तचाप, मुटुसम्बंधी रोगहरु, मधुमेह, मिर्गौला,



Scanned with Ca

कलेजो र फोक्सोका रोगहरू, मानसिक रोग, दन्त रोग आदिको प्रकोप पनि बढ्दै गएको छ ।

यी सबै कुराहरुलाई मध्यनजर गरी नेपाल सरकारले नीति तथा कार्यक्रममा "स्वस्थ नागरिक, स्वस्थ समाज र स्वस्थ जीवन" भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउन टोल-टोलमा नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ भनी उद्घोष गरिएको छ ।

उद्देश्य:

**"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई सार्थक पार्न आम नागरिकलाई शारीरिक, मानसिक र आध्यात्मिक रुपमा स्वस्थ एवं सबल बनाई विश्वव्यापी रुपमा फैलिंदै गएको नसर्ने रोगको प्रकोपलाई न्यूनीकरण गर्न स्थानीय परिवेश र आवश्यकता अनुसार उपलब्ध स्रोतहरुलाई उपयुक्त लचकता अनुसार परिचालन गरी स्वास्थ्य सेवाका हरेक तहमा नागरिकहरुको सशक्त सहभागिता मार्फत आयुर्वेद, योग तथा जडिबुटीको माध्यमबाट शारीरिक



Scanned with Ca

तथा मानसिक रुपमा स्वस्थ शरीर, सकारात्मक सोंच र व्यक्तित्व विकास गरी स्वस्थ समाज निर्माण गर्नको निमित्त यो निर्देशिका तयार गरिएको छ ।

१. संरचनागत व्यवस्था: यस कार्यक्रम संचालनका लागि केन्द्रमा संघीय नागरिक आरोग्य समिति, प्रदेशमा प्रदेश नागरिक आरोग्य समिति, जिल्लामा जिल्ला नागरिक आरोग्य समिति, स्थानीय तहमा स्थानीय नागरिक आरोग्य समिति र वार्ड स्तरमा नागरिक आरोग्य समुहहरु निर्माण गरिनेछ ।

## क्रियाकलापहरु

२. संचालन गरिने क्रियाकलापहरु: कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछन:

(क) कार्यक्रम संचालनको निमित्त केन्द्रीय स्तरको Training of Trainers (TOT) तयार गर्ने ।



Scanned with Ca

(ख) नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका उच्च पदस्थ व्यक्तित्व एबम सरोकारवालाहरूलाई जानकारी गराउने ।

(ग) प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय अन्तर्गतका उच्च पदस्थ व्यक्तित्व एबम सरोकारवालाहरूलाई अभिमुखीकरण गराउने ।

(घ) जिल्लामा संघ र प्रदेशको समन्वयमा जिल्ला स्थित सरकारी तथा गैर-सरकारी कार्यालयका प्रमुखहरू र जिल्लास्तरमा स्वास्थ्यसँग आबद्ध संघ-संस्थाका प्रमुखहरूलाई अभिमुखीकरण गराउने ।

(ङ) जिल्ला नागरिक आरोग्य समिति मार्फत स्थानीय तहका वार्ड अध्यक्ष, वार्ड सदस्य एवं स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण गराउने ।

(च) संघीय नागरिक आरोग्य समितिले आवश्यकतानुसार अन्य क्रियाकलापहरू संचालन गर्ने ।



Scanned with Ca

३. <u>अभियानमा संचालन गरिने क्रियाकलापहरू</u>ः

नागरिक आरोग्य समुहहरुसंग सहकार्य र समन्वय गरी **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई सार्थक पार्न देहाय बमोजिमका क्रियाकलापहरू संचालन गर्न बुदा नं १ बमोजिम गठित समितिहरुलाई आह्वान गर्ने :

(क) तोकिए बमोजिमका योग (आसन, प्राणायाम, ध्यान) एवं सकारात्मक जीवनशैली सम्बन्धी विविध प्रशिक्षण ।

(ख) स्थानीय जडिबुटी परिचय, प्रयोग, रोपण एवं संरक्षण सम्बन्धी अभियानमूलक कार्यक्रम संचालन गर्ने ।

(ग) **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारा अन्तर्गत आम-जनता, जन-प्रतिनिधि, कर्मचारी, शिक्षक, राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज आदिले आ-आफ्नो घर-आँगन, कार्यालय, चोक,बजार, सडक, सामुदायिक चर्पी आदि सफाई गर्ने ।



Scanned with Ca

(घ) आयुर्वेदीय जीवनशैली एवं स्वस्थकर आहार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(ङ) कार्यक्रममा उपस्थित सबैको "स्वस्थ जीवनशैली मापन (Healthy Lifestyle Assessment)" मापन गर्ने ।

(च) संघीय नागरिक आरोग्य समितिले तोकेबमोजिमका अन्य क्रियाकलापहरू संचालन गर्ने ।

(छ) प्रत्येक जिल्लामा स्वास्थ्य प्रबर्धनका लागि होर्डिंग बोर्ड, इलेक्ट्रोनिक डिस्प्ले स्थापना र संचालन गर्ने ;

(ज) आयुर्वेदीय जीवनशैली, स्वस्थकर आहार एवं सरसफाईका लागि पोस्टर उत्पादन, छपाई तथा वितरण गर्ने;

(झ) टेलिभिजन, रेडियो तथा पत्र-पत्रिकामा आरोग्यताका लागि श्रव्य-दृश्य सामग्री उत्पादन तथा प्रसारण गर्ने;



Scanned with Ca

(ञ) माथिको उद्देश्य पुरा गर्नको निमित्त सामाजिक संजालको समेत प्रयोग गर्ने;

(ट) प्रत्येक वडास्तरको विद्यालयमा स्वस्थ जीवनशैली सम्बन्धी वक्तृत्वकला/चित्रकला लगायतका प्रतियोगिता आयोजना गर्ने।

## समितिहरु:

४. <u>संघीय नागरिक आरोग्य समिति:</u> नागरिक आरोग्य कार्यक्रम संचालन गर्न नीतिगत निर्देशिकाको निमित्त केन्द्र स्तरमा देहाय बमोजिमको एक संघीय नागरिक आरोग्य समिति रहनेछ ।

| | |
|---|---|
| (क) महानिर्देशक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | संयोजक |

| | |
|---|---|
| (ख) जडिबुटी, औषधि एवं अनुसन्धान तथा महाशाखा प्रमुख, आयुर्वेद वैकल्पिक चिकित्सा विभाग | सदस्य |
| (ग) आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| (घ) अनुगमन, अनुसन्धान तथा समन्वय शाखा प्रमुख, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | सदस्य |
| (ङ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रतिनिधि | सदस्य |
| (च) समन्वय महाशाखा प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| (छ) स्वास्थ्य प्रवर्धन शाखा प्रमुख, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | सदस्य सचिव |



Scanned with Ca

५. <u>संघीय नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार</u>: संघीय नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस निर्देशिका बमोजिम गरिने कार्यक्रम सम्बन्धमा नीति निर्माण गर्ने ।

(ख) कार्यक्रम संचालनको निमित्त केन्द्रीय स्तरको Training of Trainers (TOT) तयार गर्ने ।

(ग) सम्बन्धित प्रदेशसँग समन्वय गरी प्रदेशस्तरीय अभिमुखीकरण गराउने ।

(घ) बुदा नं १ मा उल्लेख भएका समितिहरुबीच समन्वय गर्ने-गराउने ।

(ङ) कार्यक्रम संचालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने-गराउने ।

(च) कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(छ) सम्बन्धित प्रदेश, जिल्ला, स्थानीय निकाय सँग समन्वय गरी कार्यक्रमबाट हासिल



Scanned with Ca

भएका उपलब्धि तथा योगदानको प्रभावकारिता अध्ययन गर्ने-गराउने ।

(ज) सम्बन्धित प्रदेश, जिल्ला, स्थानीय निकाय सँग समन्वय गरी समग्र कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने-गराउने ।

(झ) कार्यक्रमको लागि आवश्यक स्रोतको व्यवस्था एवं प्राप्त स्रोतको बांडफांड, स्वीकृति र परिचालन गर्ने ।

(ञ) कार्यक्रमको प्रभावकारिता वृद्दि गर्न आवश्यक अन्य कार्य गर्ने ।

६. <u>प्रदेश नागरिक आरोग्य समितिः</u> (१) निर्देशिकाले व्यवस्था गरे बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न देहाय बमोजिमको प्रदेश नागरिक आरोग्य समिति रहेनछ :

| | |
|---|---|
| (क) निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय | संयोजक |
| (ख) नीति, नियम, योजना, मापदण्ड तथा जनस्वास्थ्य महाशाखा प्रमुख, | सदस्य |



Scanned with Ca

| | |
|---|---|
| सामाजिक विकास मन्त्रालय | |
| (ग) आयुर्वेद तथा विविध चिकित्सा शाखा प्रमुख, प्रदेश स्वास्थ्य निर्देशनालय | सदस्य |
| (घ) प.हे.न. अधिकृत, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ङ) आयुर्वेद चिकित्सक, सामाजिक विकास मन्त्रालय | सदस्य सचिव |

७. <u>प्रदेश नागरिक आरोग्य समितिको</u> काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस निर्देशिका बमोजिम गरिने कार्यक्रमको प्रदेशस्तरीय व्यवस्थापन गर्ने ।

(ख) कार्यक्रमको निरन्तरताको लागि आवश्यक स्रोत-साधनको व्यवस्थापन गर्ने ।

(ग) जिल्लास्तरीय अभिमुखीकरण गराउने ।

(घ) प्रदेशमा रहेका विभिन्न निकाय र पक्षहरु बीच समन्वय गर्ने ।



Scanned with Ca

(ङ) कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(च) समग्र कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने-गराउने ।

(छ) संघीय नागरिक आरोग्य समितिको निर्णय बमोजिम कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न आवश्यक अन्य कार्य गर्ने ।

(ज) संघीय नागरिक आरोग्य समितिलाई कार्यक्रम संचालन एवं प्राप्त उपलब्धिको प्रतिवेदन दिने ।

८. <u>जिल्ला नागरिक आरोग्य समिति</u> : निर्देशिकाले व्यवस्था गरे बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न देहाय बमोजिमको जिल्लास्तरीय नागरिक आरोग्य समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| (ख) प्रमुख, स्वास्थ्य कार्यालय | सदस्य |
| (ग) प्रमुख, शिक्षा विकास कार्यालय | सदस्य |



Scanned with Ca

| | |
|---|---|
| (घ) सम्बन्धित जिल्ला समन्वय समितिबाट मनोनित स्वास्थ्य क्षेत्रमा कार्यरत प्रतिनिधि १ जना | सदस्य |
| (ङ) प्रमुख, आयुर्वेद स्वास्थ्य केन्द्र | सदस्य सचिव |

९. <u>जिल्ला नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार</u>: जिल्ला नागरिक आरोग्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस निर्देशिका बमोजिम गरिने कार्यक्रमको जिल्लास्तरीय व्यवस्थापन गर्ने ।

(ख) कार्यक्रमको निरन्तरताको लागि आवश्यक स्रोत-साधनको व्यवस्थापन गर्ने ।

(ग) स्थानीय तहस्तरीय अभिमुखीकरण गराउने ।

(घ) जिल्लामा रहेका विभिन्न निकाय र पक्षहरु बीच समन्वय गर्ने ।

(ङ) कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।



Scanned with Ca

(च) समग्र कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने-गराउने ।

(छ[१]) प्रदेश नागरिक आरोग्य समितिको निर्णय बमोजिम कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न आवश्यक अन्य कार्य गर्ने ।

(ज) प्रदेश नागरिक आरोग्य समितिलाई कार्यक्रम संचालन एवं प्राप्त उपलब्धिको प्रतिवेदन दिने ।

१०. <u>स्थानीय नागरिक आरोग्य समितिको व्यवस्था:</u> (१) स्थानीय तहमा कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वय गर्नको लागि देहाय बमोजिमको एक समिति रहनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित स्थानीय तहको प्रमुख/ उप-प्रमुख | संयोजक |
| (ख) सम्बन्धित स्थानीय तहको अस्पताल वा स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| (ग) सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा संयोजक | सदस्य |



Scanned with Ca

| | |
|---|---|
| (घ) सम्बन्धित स्थानीय तहको शिक्षा शाखा प्रमुख | सदस्य |
| (ङ) सम्बन्धित स्थानीय तहबाट संयोजकले मनोनित गरेका स्वास्थ्यका २ जना अभियन्ता | सदस्य |
| (च) प्रमुख, आयुर्वेद औषधालय | सदस्य सचिव |

**नोटः** सम्बन्धित स्थानीय तहमा आयुर्वेद औषधालय नभएमा सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा संयोजक सदस्य सचिव रहनेछ ।

११. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : बुंदा नं १० बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय स्तरमा कार्यक्रमको नीति तथा योजना बनाउने र कार्यन्वयन गराउने ।

(ख) वडास्तरीय अभिमुखीकरण गराउने ।

(ग) कार्यक्रमको लागि स्रोत-साधनको व्यवस्था गर्ने-गराउने ।



Scanned with Ca

(घ) जिल्ला नागरिक आरोग्य समिति तथा प्रदेश नागरिक आरोग्य समितिलाई सुझाव सहितको प्रतिवेदन दिने ।

(ङ) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने ।

(च) कार्यक्रमको अनुगमन गरी सुधारका लागि सहजीकरण गर्ने ।

(छ) संघीय नागरिक आरोग्य समिति र प्रदेश नागरिक आरोग्य समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१२. नागरिक आरोग्य समूहको व्यवस्था: वडास्तरमा कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वय गर्नको लागि सम्बन्धित वडाका अध्यक्ष संयोजक रहने गरी तपशील बमोजिमका प्रतिनिधिहरु संलग्न गराई वडास्तरमा नागरिक आरोग्य समुहहरु निर्माण गरिनेछ ।

तपशील

वडास्थित स्वास्थ्य संस्था प्रमुख, सम्बन्धित वडामा रहेका सार्वजनिक विद्यालयका प्रचार्यहरु,



Scanned with Ca

आमा समूह प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविकाहरु, स्थानीय समाजसेवीहरु ।

नोटः आवश्यकतानुसार वडाले नागरिक आरोग्य समुहमा रहने सदस्यहरु थपघट गर्न सक्नेछ ।

१३. नागरिक आरोग्य समुहको काम, कर्तव्य र अधिकारः नागरिक आरोग्य समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई सार्थक पार्न नागरिक आरोग्य कार्यक्रमलाई टोल-टोलमा कार्यन्वयन गराउने ।

(ख) कार्यक्रमको लागि स्रोत-साधनको परिचालन गर्ने-गराउने ।

(ग) स्वयंसेवक र अभियान्ताहरुको परिचालन गर्ने ।

(घ) सामुहिक रुपमा योग (आसन, प्राणायाम, ध्यान) एवं सकारात्मक जीवनशैली सम्बन्धी प्रशिक्षण दिने व्यवस्था मिलाउने,



Scanned with Ca

उपस्थित सबैको "स्वस्थ जीवनशैली मापन (Healthy Lifestyle Assessment)" मापन गर्ने ।

(ङ) तोकिए बमोजिमका स्थानीय जडिबुटी परिचय, प्रयोग, रोपण एवं संरक्षण सम्बन्धी अभियानमूलक कार्यक्रम संचालन गरी प्रत्येक नागरिकले बगैंचा, खेतबारी, करेसाबारी, गमला आदिमा जडिबुटी रोपण गर्ने ।

(च) प्रत्येक टोलवासीको सहभागितामा वडास्तरीय सरसफाई कार्य गर्ने ।

(छ) आयुर्वेदीय जीवनशैली एवं स्वस्थकर आहार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(ज) स्थानीय तहलाई नियमित प्रतिवेदन दिने ।

(ञ) विद्यालयस्तरमा समेत नागरिक आरोग्य कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्ने ।



Scanned with Ca

(ट) स्थानीय नागरिक आरोग्य समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१४. कार्यक्रम संचालन भएपश्चात प्राप्त हुने उपलब्धिहरू हासिल हुनेछन:

(क) सर्ने तथा नसर्ने रोगको न्यूनीकरण हुनेछ ।

(ख) प्रत्येक नागरिक स्वस्थ भई दिर्घायु हुनेछन ।

(ग) नागरिकलाई शारीरिक, मानसिक एवं अध्यात्मिक रूपमा स्वस्थ तथा सबल बनाई समग्र स्वास्थ्य सेवामा टेवा पुर्याउनेछ ।

(घ) राज्यको स्वास्थ्य क्षेत्रमा लगानी घट्नुका साथै प्रतिव्यक्ति आय बढ्न गई "समृद्ध नेपाल सुखी नेपाली" भन्ने नारा सार्थक हुनेछ ।

(ङ) सामाजिक मूल्य-मान्यतामा आएको स्खलनलाई रोक्न मद्धत गर्नेछ ।

(च) सामाजिक सद्भावमा अभिवृद्धि गरी आफ्नो मौलिक चिकित्सा विधिको स्वतस्फुर्त



Scanned with Ca

प्रयोगको माध्यमबाट असल राष्ट्रिय भावनालाई दिगोरूपमा जागृत गराई स्वास्थ्यको माध्यमबाट सामाजिक सद्भाव तथा समग्र राष्ट्रिय एकतामा टेवा पुर्याउनेछ ।



Scanned with Ca

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाडौं

Scanned with Ca